# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १०, २०६० मंसिर (Nov., Dec., 2003)

## यस अङ्कमा

**विशेष फिचर**

१) किन परिणाममुखी भएन शिक्षामा विदेशी लगानी ? सुदर्शन घिमिरे पृष्ठ २

**फिचरहरू**

२) दलितका नाममा अरुकै हालिमुहाली गोपालकृष्ण आचार्य पृष्ठ ४

३) जहा रूखको फेदमुनि पढाइन्छ खगराज घिमिरे पृष्ठ ५

४) मदरसालाई विद्यालय बनाउने धोको कलेन्द्र सेजुवाल पृष्ठ ६

५) कतै उत्साह, कतै निराशा रमेशचन्द्र अधिकारी पृष्ठ ७

शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू । यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ । *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो । विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरू मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ । हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौँ । यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ । प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ । स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ । यो फिचर सेवा एक्सनएड नेपालको आर्थिक सहयोगमा तयार भएको हो ।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ । इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला ।***

**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५**

**अनामनगर, काठमाडौ ।**

**इमेल :** ejg@ntc.net.np

# किन परिणाममुखी भएन शिक्षामा विदेशी लगानी ?

सुदर्शन घिमिरे

आठ वर्षमा करिव ९३ करोड खर्च भएर टुङ्गिएको प्राथमिक शिक्षा विकास परियोजनाले केवल ९३ जना शिक्षकलाई मात्र तालिम दियो। एसियाली विकास बैंकको १ करोड ९५ लाख डलर ऋण, नर्वे सरकारको १४ लाख डलर अनुदान र स्वयं नेपाल सरकारद्वारा ४९ लाख ४९ हजार डलर व्यहोर्ने गरी सन् १९९२ देखि सञ्चालित सो परियोजनाले ८ वटा प्राथमिक शिक्षक तालिम केन्द्र, केही जिल्लामा शिक्षा कार्यालय भवन र केन्द्रमा शैक्षिक जनशक्ति विकास केन्द्रको भवन बनाउने काम चाहिँ गऱ्यो। तर प्राथमिक शिक्षाको गुणस्तर वृद्धिमा खासै उल्लेख्य काम गर्न सकेन।

शिक्षामा वैदेशिक लगानीको प्रभावकारी ढंगले उपयोग नभएको यो एउटा मात्रै उदाहरण हो। यस्ता उदाहरणहरू खोज्दै जाने हो भने त्यसको लामो फेहरिस्त तयार हुनसक्छ। विदेशीले शिक्षाको गुणस्तर वृद्धिका नाममा नेपालमा धेरै रकम खर्चिसकेका छन्। शैक्षिक विकासमा खर्च भएका यी लगानी किन बालुवामा पानी हाले सरह भयो त ? सरकारी ढिलासुस्ती, इमान्दारिता र जवाफदेहिताको अभाव, भ्रष्टाचार आदि कारणले शिक्षा क्षेत्रको उत्थानका लागि प्राप्त सहायता रकम सही ढंगले उपयोग नभएको शिक्षाविद्हरू बताउँछन्। शिक्षाविद् डा.मीनबहादुर विष्टको भनाइमा "लगानी जहाँ हुनुपर्थ्यो, त्यहाँ भएन। पाठ्यक्रम र पाठ्यपुस्तक त बनाइयो तर त्यो कक्षा कोठासम्म पुग्न सकेन। विद्यार्थीसम्म पुग्ने माध्यम शिक्षकलाई तालिम दिए पुग्छ भन्ने ठानियो तर शिक्षक व्यवस्थापनको पाटोलाई पूरै बेवास्ता गरियो। फलस्वरूप: शिक्षकले विद्यार्थीलाई सिकाउनुपर्ने कुरा सिकाएनन्।"

शिक्षा क्षेत्रमा सन् ८० को दशकदेखि मोटो रकमका परियोजनाहरू भित्रिन सुरू गरे। बढीजसो वैदेशिक लगानी प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धिका निम्ति भित्रिएको पाइन्छ। सेती प्रोजेक्ट, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना हुँदै अहिले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ। यस्तै शिक्षक तालिम, माध्यमिक शिक्षा विकास परियोजना, समुदायलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण आदि शैक्षिक कार्यक्रमहरू पनि सञ्चालित छन्। यस्ता धेरै प्रोजेक्ट सञ्चालन भइसके। अरबौं खर्च भइसक्यो, तर पनि नेपालको शिक्षामा रूपान्तरण भने हुन सकेको छैन।

शिक्षामा बैदेशिक लगानी ह्वात्तै बढेको प्रजातन्त्रको पुनःस्थापना पछि हो, जतिबेला आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सुरू गरियो। त्यो शैक्षिक कार्यक्रम लागू भएपछि प्राथमिक स्तरमा विद्यार्थीको खुद भर्ना दर बढेको देखिए पनि त्यसको श्रेय प्रजातन्त्रले जनतामा ल्याएको शैक्षिक जागरणलाई जान्छ। ०४६ पछि विद्यालयमा विद्यार्थीको पहुँच त बढ्यो तर गुणस्तर भने खासै बढेन। त्यसैले बैदेशिक सहयोगका परियोजनाहरूले हाम्रो शिक्षामा ठोस र अपेक्षित रूपान्तरण ल्याउन सकेन। बरू यसबीचमा निजी र सार्वजनिक बिद्यालय बीचको खालड झनै फराकिलो भयो। जसको फलस्वरूप सार्वजनिक विद्यालय दिनप्रतिदिन रूग्ण हुँदै गएका छन्।

त्यसो त दाताका व्यवहार पनि लगानी उपयोगितामा कम बाधक बनेका छैनन्। गत वर्षदेखि लागू भएको बैदेशिक सहायता नीति, २०५९ मा दाताका कारण सिर्जना भएको समस्यालाई चित्रण गर्दै भनिएको छ, "बैदेशिक सहायतासँगै गाँसिएर आउने शर्तहरू दातृसंस्था, आयोजना वा कार्यक्रम पिच्छे फरक फरक हुने, ती शर्तहरू पालना गर्न बाध्य बनाउने प्रचलनले गर्दा उपलब्ध बैदेशिक श्रोतको उच्चतम् प्रयोग गर्न कठिनाइ परेको हो।" दोष जति दाताहरूतिर पन्छाएर आफू साँचिलो' हुने अवस्था चाहिँ फेरि पनि छैन। शिक्षामा शैक्षिक विकासको निम्ति आएको विदेशी लगानी मात्रै होइन, अन्य विकासको लागि आएको रकम पनि सही ढंगले उपयोग हुन सकिरहेको छैन। अर्थ मन्त्रालयका उपसचिव लालशंकर घिमिरे विदेशीको पैसा त हो नि' भन्ने सोचाइले खर्च गर्ने प्रवृत्तिका कारण धेरै खर्च कम उपलब्धि हुने गरेको बताउँछन्। उनी थप्छन् "नेपालमा भित्रिने कूल वैदेशिक रकमको ठूलो हिस्सा शिक्षामा लगानी हुन्छ। तर त्यो लगानीलाई परिणाममुखी बनाउनतर्फ ध्यान दिइएको छैन।"

यति हुँदाहुँदै पनि शिक्षामा खर्चिएको विदेशी सहयोगले फाइदै नपुऱ्याएको भन्ने चाहिँ होइन। शिक्षाविद् विष्ट शिक्षामा विदेशी लगानीले कम्तीमा सिष्टम बनाउन र सैद्धान्तिक खुराक दिलाउन मद्दत पुऱ्याएको छ। उनी थप्छन् "श्रोत साधनको अभावले काम गर्न बाधा परिरेहको अवस्थामा आएको विदेशी लगानीले पाठ्यक्रम परिमार्जन गर्ने, पाठ्यपुस्तक, भौतिक पूर्वाधार र शिक्षकलाई तालिम दिने जस्ता कामहरू भएका छन्।"

देशको बिग्रँदो राजनीतिक अवस्था र लगानीको सही सदुपयोग हुन नसकिरहेको बेला कतिपय दाताहरूले सहयोग नै बन्द गर्न सक्ने सम्भावना पनि छ। शिक्षामा भइरहेको विदेशी लगानी रोकिएमा त्यसले दूरगामी

असर पार्ने सरकारी पदाधिकारी बताउँछन् भने कतिपय शिक्षाविद् यसले ओरालो लागेको शिक्षामा सुधार आउन सक्ने विचार राख्छन् । शिक्षाविद् डा.केदारनाथ श्रेष्ठ शिक्षामा विदेशी लगानी रोकिएमा खासै फरक नपर्ने बताउँछन् । उनी भन्छन् "होटलमा गरिएका सेमिनार स्कुल, कलेजमै गरिन्छन् । यसले खासै फरक पार्दैन ।" श्रेष्ठको इशारा शिक्षामा आएको धेरै लगानी अनुसन्धान, गोष्ठी सेमिनारमै खर्च भएको भन्ने हुनसक्छ । अर्का शिक्षाविद् प्रा.डा.विद्यानाथ कोइराला "विदेशी पैसा नभएमा सरकारले शिक्षकहरूलाई व्यक्तिगत स्तरमा पैसा हालेर तालिम लिने व्यवस्था गर्न सक्थ्यो । आफ्नै पैसा खर्च भएको भए शिक्षकले पनि तालिम राम्रैसँग लिने थिए, तालिमको उपयोग पनि अहिलेभन्दा राम्रोसँग गर्थे," भन्छन् ।

शिक्षा मन्त्रालयको ओहदामा बसेका बाहेक बाहिरका शिक्षाविद्, बुद्धिजीवी र अनुसन्धाताहरूको ठूलो जमात करिव करिव यस्तै मान्यता राख्दछ । त्यसो त शिक्षक दरबन्दी, विद्यालयको लागि चाहिने मसलन्द आदि सबै प्रकारका प्रशासनिक खर्चहरू सरकारकै राजश्वले धानिरहेको छ । शिक्षामा जति पनि परियोजनाहरू छन्, ती सबै नियमित योजना र खर्चभन्दा बाहिर पर्छन् । त्यसैले शिक्षामा बिदेशी अनुदान र ऋणमा सञ्चालित बिभिन्न परियोजनाहरू बन्द भएमा पनि विद्यालय बन्द त नहोलान् तर दाताप्रतिको बढ्दो निर्भरता र "हामी केही गर्न सक्दैनौ" भन्ने हीन मानसिकताबाट मुक्ति पाउनु सबैभन्दा चुनौतीपूर्ण हुनेछ ।

विदेशी लगानीको सदुपयोग नहुँदा पछाडि सरकारी नीति निर्माताका अल्पज्ञान पनि उत्तिकै जिम्मेवार छ । शिक्षाविद्हरूका अनुसार, सरकारसँग देश सुहाउँदो शिक्षा पद्धति के हुने भन्ने थाहा छैन । केमा, कति र कसरी लगानी गर्दा शैक्षिक उन्नति हुन्छ भन्ने थाहा छैन । डा.खनियाँको अनुभवमा, दाताले जे एजेण्डा, विषय र कार्यक्रममा पैसा दिन्छु भन्छ, सरकार त्यही अनुसार योजना, नीति र कार्यक्रम बनाउने गर्छ । "सबैभन्दा पहिला सरकारले नेपालको शिक्षाको समग्र र विषयगत ठोस र स्पष्ट नीति तयार गर्नुपर्छ र देशलाई कस्तो जनशक्ति चाहिन्छ भन्ने कुरा लगायत सम्पूर्ण विषयमा "परफेक्ट भिजन" सहितको कम्तीमा पनि २० वर्षीय योजना बनाउनुपर्छ ।" उनी भन्छन् "अनि श्रोत पुगेन भने विदेशी सहयोग लिन सकिन्छ तर दाताको हैन, हाम्रो शर्तमा । अब पनि पहिले झैं दाताका नीतिगत लगायत हर शर्त मानेर पैसा चाहिँ लिनु हुँदैहुन्न ।"

झण्डै दुई वर्ष अघि बनेको शिक्षा सातौं संशोधन ऐन निर्माणको नेतृत्व गर्नुभएका तत्कालीन शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायका विचारमा, पैसा दिने नाममा बढेको दाताहरूको हस्तक्षेपलाई न्यूनीकरण गर्न अपरिहार्य भइसकेको छ । "अब हामीले एउटा स्पष्ट दृष्टिकोण र सुदीर्घ योजना बनाउनुपर्छ र यदि हामीलाई आवश्यक भएको क्षेत्रमा हामीले भनेजसरी दाताहरू पैसा दिँदैनन् भने तिनलाई अस्वीकार गर्न सक्नैपर्छ ।" उपाध्यायको निष्कर्ष छ, "त्यसो गर्न नसक्दासम्म हाम्रो शिक्षा उँभो लाग्न सक्दैन । यस निम्ति बिदेशी सहायता जति बढी भित्र्याउन सक्यो उति नै सरकार सफल भएको ठान्ने पुरातन मानसिकता सबैभन्दा पहिला सरकारले मनैदेखि परित्याग गर्नुपर्छ ।"

माथि जे जस्ता कुरा गरिए पनि कटु यथार्थ के हो भने, सरकारको अहिलेको नीति, चरित्र र कार्यशैलीमा तत्काले र एकाएक परिवर्तन आउन सक्दैन । त्यसनिम्ति सरकार र दाताहरू दुवैलाई निरन्तर र प्रभावकारी जनदवाव दिइनुपर्ने बताउँदै डा.विष्ट बताउँछन् "नागरिक समाज, पत्रकार, शिक्षाविद् र बुद्धिजीवीहरू सबैले चनाखो भएर दवाव दिइरहनुपर्छ। हाम्रो जस्तो कमजोर सरकार भएको देशमा यो नै शायद सबैभन्दा प्रभावकारी उपाय हो ।"

शिक्षाको सुधारको लागि सबैभन्दा ठूलो समस्या आर्थिक श्रोत या दाताको शर्त होइन । त्यो हो, स्पष्ट दृष्टिकोण र प्रतिबद्धताको अभाव । "यदि प्रतिवद्धता र इमान्दारिता नै भएन भने जतिसुकै आदर्शवादी र ठूला कुरा गरे पनि त्यो कहिल्यै सफल हुदैन" डा.खनियाँको दावी छ। शैक्षिक सुधारका प्रतिवद्धता सजिलै व्यक्त गर्ने सरकारले बोले अनुरुपको व्यवहार गरेको भेटिँदैन । यहाँसम्मकि विदेशीले दिएको सहायताको हिसावकिताव समेत चुस्त राखिएको छैन ।

देशमा भित्रिएका बैदेशिक सहयोगको लगत राख्ने काम स्वभाविक रूपमा अर्थ मन्त्रालयको हो । तर उसले, विदेशी सरकारहरू र अन्य दातृसंस्थासँग आफूले गरेको संझौता र आउने रकम बाहेक अरू कुनै रेकर्ड राखेको छैन । यसर्थ विदेशी शैक्षिक लगानी कति नेपालमा भित्रियो भन्ने स्पष्ट छैन । शिक्षा मन्त्रालका प्रवक्ता लवप्रसाद त्रिपाठी भन्छन्, "केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट हुने खर्चको जानकारी त हामीलाई दिइएको हुन्छ, केहीले हाम्रै स्वीकृतिमा खर्च गरेका छन्, तर बाँकीले हामीलाई जानकारी दिएका छैनन् ।"

नेपालमा बिदेशी पैसा मुख्यतया दुई किसिमले भित्रिने गर्छ । पहिलो, सरकारसँग सम्झौता भएर आउँछ, जसको हिसाव किताव सरकारी लेखाप्रणाली अन्तर्गत नै राखिन्छ । दोश्रो, यस्तो पैसा नेपाल भित्रिन्छ, जसको बारेमा

सरकार नै पूर्णतया बेखवर हुन्छ र त्यो पैसा दाताको इच्छा अनुसारको योजनामा खर्च हुन्छ । अर्थमन्त्रालय वैदेशिक सहयोग महाशाखाका घिमिरेका अनुसार “हाल नेपालमा कार्यरत १२० वटा आईएनजीओहरूले नेपालमा आजसम्म गरेको खर्चको बारेमा थाहा पाउन त एउटा ठूलो अनुसन्धान नै गर्नुपर्छ ।”

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# दलितका नाममा अरुकै हालीमुहाली

गोपालकृष्ण आचार्य

शिक्षा मन्त्रालयले दलित विद्यार्थीको लागि छुट्याएको एम.बीबी.एस छात्रवृति कोटामा गैर दलितलाई समेत स्थान दिएको छ । दलित विकास समतिका कार्यक्रम अधिकृत विनय गुइदेखका अनुसार दश प्रतिशत दलित कोटामा उत्तिर्ण भएका १२ मध्ये ५ जना दलितलाई मात्रै छात्रवृत्ति दिइयो । बाँकी ७ जना गैरदलितले सो स्थान ओगटेका छन् ।

एम.वीवी.एस छात्रवृत्ति कोटामा छानिने दलितहरूमा सज्जन कुमार शर्मा, अमित विक. ललित विश्वकर्मा, नीता सुनाम र प्रकाश दर्जी रहेका छन् भने गैरदलितमा नारायण प्रसाद वसैाला, विजयकुमार बाँनिया, संदीव कुमार वर्मा, मशेमद सज्जाद साभ्mी, सन्तोष कुमार गुप्ता र वीरबहादुर खाती रहेका छन् । सरकारले यसको तथ्य पत्ता लगाउन छानविन समिति समेत बनायो । तर चुमानसिंहको संयोजकत्वमा बनेको सो समितिले अहिलेसम्म प्रतिवदन सार्वजनिक गरेको छैन ।

दलितको नामको छात्रवृत्ति गैरदलितले पाएको यो एउटै उदाहरण चाहि होइन । यसरी धेरै पटक पहुँच पुग्नेहरूले गैरदलितलाई दलितले पाउनुपर्ने अवसर दिलाउने गरेका छन् । तर यसका निम्ति जिम्मेबार पनि स्वयं दलितहरू नै हुने गरेको कुरा छविलाल विश्वकर्मा बताउँछन । मुक्ति समाज नेपालका अध्यक्ष समेत रहेका विश्वकर्मा भन्छन  दलित वर्गको उत्थानका लागि राज्यद्धारा प्रदान गरिएको यस प्रकारका सुविधा केही पहुँचवाला दलितहरूले गैर दलितलाई सिफारिस गर्ने गरेका छन्' । शायद त्यसैले पनि दलितहरूको शैक्षिक अवस्थमा सन्तोषजनक सुधार नभएको हुनसक्छ ।

सबैको लागि शिक्षाको नारा बोकेर हिडेको सरकारले अहिले दलित शिक्षालाई जोड दिदै धेरै रकम दलित विद्यार्थीलाई छात्रवृत्तिको लागि छुट्याएको छ । स्थानीय विकास मन्त्रालय अन्तर्गत गठित उपेक्षित, उन्पीडित र दलित वर्ग उत्थान समितिको वार्षिक १ करोड १२ लाख मध्येको एक तिहाई रकम दलित छात्रवृत्तिमा खर्च हुने गरेको छ । शिक्षा मन्त्रालयले दलित वर्गका बालबालिकालाई विद्यालय शिक्षा प्रति आकर्षित गर्न हरेक शैक्षिक सत्रमा प्रति विद्यार्थी रू २५० छात्रवृत्ति दिने गरेको छ । ६ देखि १० वर्षसम्म लाहोर, सुनार, कामी, दमाई, सार्की, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, पोडे, चमार, धोवी, पासवान, तत्मा वातर, मुसहर, सतार हलखोर आदी दलित वर्गका बालबालिका सो छात्रवृत्ति दिइन्छ । यसबाहेक अन्य सरकारी गैरसरकारी संघ संस्था दलित शिक्षामा लागि परेका छन तर पनि दलित वर्गले सामाजिक तथा आर्थिक असमानताका कारण शैक्षिक क्षेत्रमा आफनो हैसियत स्थापित गर्न सकेका छैनन् ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिका विनोद दास परम्पारागत व्यवसाय र आर्थिक अभावका कारण दलितहरू शैक्षिक रूपमा पिछडिएको बताउँछन । उनको भनाइमा गरीवी, छुवाछुत, दलित अपमान हुने शब्दहरूको प्रयोग पाठ्यपुस्तकमा हुने गरेकोले उनीहरू शिक्षा प्रति विकर्षण पैदा भएको हो । ग्रामीण क्षेत्रका कतिपय ठाउँहरूमा हिजोआज समेत दलितहरू विद्यालय भित्र पस्न पाउदैनन । स्कुलमा बालबालिकालाई खाजा खुवाउने वेलामा छुट्टै राखिन्छ । कतिपय उपल्लो जातकाहरूले दलितसंग वस्नुपर्छ भनी आफ्ना बालबच्चा स्कुल नपठाएको घटना पनि छन् । यी विभिन्न कारणहरूले गर्दा दलित विद्यार्थी शिक्षाप्रति आकर्षित हुन नसकेको विनोद दास बताउँछन ।

२०५८ सालको जनगणना अनुसार कुल सत्ताइस लाख पाँच हजार दलित मध्ये सबैभन्दा शिक्षित दलितमा दमाई वर्ग पर्छन् । कुल तीनलाख नब्बे हजार दमाई मध्ये ३० प्रतिशत शिक्षित रहेका छन् । एक्सन एड नेपालको एक अध्ययन अनुसार, सबैभन्दा कम साक्षरता भएको दलित जातिमा मुसहर पर्दछ । यो जातिको कूल जनसंख्या १ लाख ७२ हजार मध्ये ४ प्रतिशत मात्रै साक्षर छ, त्यस्तै कामी, सार्की, चमार वर्ग प्रति कम साक्षर छ । एक्सनएड नेपालका राजकुमारी त्रिखत्री भने शैक्षिक विकासमा दलितहरूको पहुँचमा केही बृद्धि भने भएको

तर अपेक्षित बृद्धि चाहि नभएको बताउँछन । भन्छन् "दलितहरूको शैक्षिक विकास गैरसरकारी स्तरबाट राम्रो प्रयास भएको छ तर अपेक्षित रूपम पहुँच बृद्धि हुन नसक्नुमा पर्याप्त कानुनी व्यवस्थाको अभाव रहनु र सरकारी नीति तथा कार्यक्रम को कार्यान्वयन अप्रभावकारी हुनु नै प्रमुख जिम्मेबार रहेको छ ।"

सन्तोषजनक हिसावले दलितमा शैक्षिक पहुँचमा बृद्धि नहुनमा अप्रभावकारी सरकारी नीति त जिम्मेबार छ नै, रूढिग्रस्त सामाजिक परिपाटी पनि त्यतिकै जिम्मेबार छ। दलित वर्गलाई प्रोत्साहित गरी हरेक सामाजिक क्रियाकलापमा सहभागी गराउनुपर्ने मा उल्टै कतिपय ठाउँमा विभिन्न किसिमको शोषणको शिकार हुनुपर्दासम्म न्याय नपाउने अवस्था छ। पर्वत जिल्लाको एउटा दलित गाउँ नागिलवाङ्गको घटना यहाँ नेर उल्लेख गर्नु सान्दर्भिक हुन्छ। २०५८ साल असोजमा स्थानीय चार युवकद्वारा बलात्कृत भएकी मनिषा दर्जीले अलिहेसम्म न्याय पाएकी छैनन्। घरको काम धन्दा सकेर फुर्सदको समयमा पढेर पाँच कक्षा पुगेकी मनिषा त्यतिवेला गाउँमै सञ्चालित प्रौढ कक्षामा सहयोगी शिक्षिका थिइन। उनकै सक्रियतामा दलित विकासमा कार्यरत आत्मानिर्भर विकास मञ्चले सो प्रौढ कक्षा संचालन गरको थियो। सोही वर्ष असोज २२ गते राति प्रौढ कक्षा पढाइसकेर सुतेकी उनलाई स्थानीय चार युवाहरूले घरबाट अलि पर लगी बलात्कार गरे। दलित महिलामध्ये अलि बढी जानेबुझेकी उनले जिल्ला अदालत कुस्मामा न्यायको निम्ति निवेदन दिइन्। तर अहिलेसम्म कसैलाई कुनै कार्वाही भएको छैन ।

शैक्षिक हिसाव पिछडिनु पर्दा मनिषाले झै अरू थुप्रै दलित महिलाले यस्तै कुकृति शोषणको शिकार हुनुपरेको छ। त्यसकारण दलितहरूको शिक्षामा साँच्चै पहुँच बृद्धि गर्ने हो भने सरकारी तथा गैरसरकारी स्तरबाट जस लिने हिसावले मात्रै होइन त्यसका निम्ति गम्भीरता साथ लागि पर्नुपर्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

# जहा" रूखको फेदमुनि पढाइन्छ

खगराज घिमिरे

एउटै कोठा मा दुईवटा कक्षाको पढाइ र विद्यालयको कार्यालय कसरी चलिरहेको होला ? पत्याउन गाह्रो परे पनि यो कटु सत्य हो। यो तीतो पीडा सिंहखोर गाउँका विद्यार्थीले भोगिरहेका छन्। राष्ट्रिय प्रा.वि. सिंहखोरका प्रधानाध्यापक तिलकराम बराई भन्छन् "भवन गतिलो छैन, पर्याप्त कक्षा कोठा र दरबन्दी पनि छैन ।"

कपिलवस्तुको सदरमुकाम तौलिहवाबाट करिब १० कि.मि. दक्षिण सिंहखोर गाविसमा विगत २५ वर्षदेखि सञ्चालित राष्ट्रिय प्रा.वि.मा विद्यार्थी पढाउने भवन छैन। भएका दुई कोठामध्ये एउटामा निर्माण सामग्री र अर्कोमा अफिसका अतिरिक्त २ वटा कक्षा को पढाई हुन्छ भने कक्षा १, २ र ३ को पढाइ वर्षभरी नै वर वा आँपको फेदमुनि हुन्छ ।

भवन नभएर कक्षा बाहिर पढाउनुपर्ने यस्ता विद्यालयको संख्या जिल्ला भरिमा कम्तीमा ५० को संख्यामा छन्। अरू २० वटा जति प्राथमिक विद्यालय एक दुई वटा खरका छाप्रोका कोठा बाहेक सबै कक्षा आकाशमुनि नै सञ्चालन गर्नुपर्ने वाध्यता छ। जाइकाको सहयोगमा गत आर्थिक वर्षमा १०० वटा स्कुलमा १०० वटा कोठा बने पनि भवनको अपुग अझै रहेको जिशिअ कार्यालय कपिलवस्तुका अधिकृत ढुण्डीराज खनाल स्वीकार्छन् ।

३० जना विद्यार्थी बराबर एक जना शिक्षक दरबन्दी हुनुपर्ने ऐन विपरित ५ कक्षासम्म पढाइ हुने सिंहखोर विद्यालयमा ३ जना शिक्षकको मात्र दरबन्दी छ। स्कुलका शिक्षक परमात्य चौधरी भन्छन् "कक्षा १ मा पिउनले पढाउँछ हामी एक एक वटा कक्षामा हुन्छौं भने बाँकी एउटा कक्षालाई चाहिँ आधाआधा पिरियड हामी नै भ्याउने गर्दछौं ।" भवनको अभावको कारण कक्षा ४ लाई एकापट्टि र कक्षा ५ लाई एउटै कोठाको अर्कोपट्टि राखेर पढाइन्छ। एउटै कालो पाटीमा बीचमा धर्का तानेर दुई कक्षा बीचको सीमा निर्धारण गरिन्छ। ४ कक्षामा शिक्षकले पढाउँदा ५ कक्षाका शिक्षक गृहकार्य जाँच्ने गर्दछन्। कक्षा ४ का शिक्षक निस्किएपछि ५ का शिक्षक पढाउन थाल्छन् ।

विद्यालयको भौतिक श्री सम्पत्तिमा दराज १ थान, कुर्सी ४ थान, हाजिरकापीहरू, ठूला रजिष्टर २ थान तथा पानी पिउने किल्ली १ थान रहेका छन्। ३ वटा मात्र कालोपाटी भएको कारण ४ र ५ कक्षालाई एउटैले काम चलाइन्छ। बाँकी २ वटा चाहिँ कक्षा २ र ३ को लागि मात्र प्रयोग हुने गर्दछ। १० वटा मात्र डेक्स बेञ्च

भएको कारण ४ कक्षाका विद्यार्थीहरू कोठाभित्रै भूँइमा प्लाष्टिक वा सिमेन्टका बोरा ओछ्याएर पढ्छन् भने कक्षा १, २ र ३ का विद्यार्थीहरू पाए बोरा नपाए बरको रूखको फेदमुनिकै धुलोमा बसी पढ्ने गर्दछन् ।

३ सयभन्दा बढी विद्यार्थी मध्ये १५ प्रतिशतसँग मात्र पाठ्यपुस्तक छ । बाँकी केहीसँग अघिल्लो वर्ष पढेको पुस्तकहरू शिक्षकले विद्यार्थीहरूलाई मिलाइदिने गरेका छन् । जुन पुस्तक आधाभन्दा बढी च्यात्तिएको हुन्छ । बाँकी भने विना पुस्तक नै पढ्ने गर्दछन् । गरिबीको कारण पुस्तक किनेपछि विद्यालयबाट भुक्तानी लिनुपर्ने नियमसमेत लागू हुन नसकेको भनाइ प्रधानाध्यापक बराईको रहेको छ ।

“भर्ना गर्ने पैसा त हुँदैन किताब के ले किन्ने र ?” कक्षा ५ का धनलाल चौधरी भन्छन् । एकाध विद्यार्थीको खुट्टामा चप्पल देखिए पनि अधिकांश खाली खुट्टानै पढन् आउँछन । तराईबासीहरूको बसोवास भएको यस क्षेत्रमा स्कुल भर्ना हुने र नियमित स्कुल आउनको संख्यामा समेत भारी अन्तर भएको पाइन्छ । पढ्ने भन्दा पनि खेल्ने मनसायले धेरै स्कुल आउछन । वार्षिक स्थिति हेर्दा करिब ३० प्रतिशत विद्यार्थीहरू नियमित आउँछन । ७० प्रतिशत का कुनै टुङ्गो हुँदैन । विद्यालयमा भर्नापछि स्कुल छोड्ने वा नियमितता नहुनेमा कक्षा ४ र ५ मा छात्राहरू अधिक छन्भने साना कक्षामा छात्राहरू उपस्थिति पनि न्यून नै भएको पाइन्छ ।

गत वैशाख मसान्तसम्म कक्षा ५ मा भर्ना भएका ३२ विद्यार्थीमध्ये सरदरमा १० छात्र ८२ छात्रामा नियमित उपस्थित हुने गर्छन् । यस्तै कक्षा ४ का ४४ मध्ये १७ छात्र र २ छात्रा, कक्षा ३ मा भर्ना भएका १०७ मध्ये ४० छात्र र ३५ छात्रा रहेका छन् । कक्षा १ मा चाहिँ छात्रभन्दा छात्रहरूको नियमितता उल्लेखनीय भएको पाइन्छ । वैशाख मसान्त सम्ममा भर्ना भएका ९७ मध्ये करिव ४५ छात्रा र ३० छात्रको नियमितता भएको र २ कक्षामा ४२ मध्ये १९ छात्रा र १५ छात्रको नियमितता भएको पाइन्छ । मुश्लिम समुदायको समेत बसोबास भएकाले यहाँका बालबालिकाहरू मदरसा जाने तथा भर्ना पछि स्कुल छोड्ने गरेका कुरा शिक्षक प्रदीपकुमार चौधरी बताउँछन ।

भौतिक पूर्वाधारको अभाव भएपनि विद्यार्थी संख्याको चाप भने बढ्दो गत वर्ष ३ सय नै नपुगेको विद्यार्थी संख्या यसवर्ष शैक्षिक सत्रको शुरूमै तीन सय नाघिसकेको छ । स्कुल सञ्चालनमा सरकारका अतिरिक्त स्थानीय बासिन्दाहरू समेत सहयोगी नभएको शिक्षकहरूको गुनासो छ । “गाउँलेहरूले बच्चाहरू स्कुल पढाइदिए पुग्दछ भन्छन् स्कुलको बारेमा उनीहरूले अलिकति मात्र सोच्ने हो भने हामी केही गर्न सक्ने थियौं एक शिक्षक भन्छन् । समुदायको सहयोग नपाएको , साधन श्रोतको अभाव भएको कपिलवस्तुको राष्ट्रिय प्राविमा ढिलै भएपनि जिशिकाले दुई वटा कोठा निमार्ण गर्दैछ । जिल्ला शिक्षा कार्यालय कपिलवस्तुका अधिकृत खनाल भन्छन् “पिछडिएको ठाउँमा हाम्रो पहिलो प्राथामिकत भवन नै हो” ।

शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह

# मदरसालाई विद्यालय बनाउने धोको

कलेन्द्र सेजुवाल

सत्र वर्षीया रञ्जानु खातुन ले सानै देखि एउटा सपना साँचेकी छन् आफ्नो गाउँमा विद्यालय खोल्ने । किनकि उनको बस्तीमा विद्यालय छैन । भएको एउटा मदरसा विना सरकारी अनुमति सञ्चालित छ । उनी सरकारले अनुमति दिएको विद्यालय गाउँमै होस् भन्ने चाहन्छिन् । सुर्खेतको मुश्लिमबस्ती बेलबारीमा जन्मेकी रञ्जानुका सपना जस्ता चाहाना अरू धेरै मुश्लिमहरूमा छ तर उनीहरुकै गाउँमा नै विद्यालय खोल्ने इच्छा पूरा भएको छैन ।

अनुमति नलिइकनै सञ्चालनमा रहेको मदरसा स्लामिया गुल्सने मदिनालाई अनुमति दिलाउन यहाँको मुश्लिम समुदाय प्रयासरत छ । तर सरकारले भने सो मदरसालाई अनुमति दिएको छैन न त गैरकानुनी भनी बन्द गराएको नै छ । सदरमुकाम वीरेन्द्रनगरदेखि १ किलोमिटर पूर्व स्थित उर्दु भाषाबाट पढाइ हुने सो मदरसा विगत १२ वर्षदेखि सञ्चालन भइरहेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रफिबक्स मिया भन्छन् “हामीले यसलाई अनुमति दिलाउन धेरैपटक जिल्ला शिक्षा कार्यालय धाए पनि सरकारले सुनेन । हाम्रो मागलाई सिधै बेवास्ता गर्‍यो ।” शिक्षा अधिकारीहरूले संविधानमै नमिल्ने कुरा भनेर टारिदिएको तीतो अनुभव उनले सुनाए ।

शैक्षिक चेतनाबाट निमुखा मुश्लिम समुदायले आफ्नो बस्तीमा शिक्षाको उज्यालो भित्र्याउन देखाएको जागरूकतामा सरकारले नै संविधानको भावना विपरीत कुरा गरेर आघात पुऱ्याउनु भनेको विडम्बनापूर्ण स्थिति हो। समुदायका धार्मिक नेता सकुर बक्स भन्छन् "कि सरकारले हामीलाई नेपाली नागरिकता नदिनुपऱ्यो। दिएपछि संविधानको माने अनुरूप नागरिकको हितका निम्ति स्कुल खोल्न अनुमति दिनु पऱ्यो।"

२०२८ सालबाट सञ्चालन भएको सो मदरसा विगत १२ वर्षदेखि मात्र नियमित सञ्चालनमा रहेको स्थानीय बासिन्दाहरू बताउँछन्। अहिले पनि समुदायकै सक्रियतामा मासिक २५ सय तलवमा भारतीय नागरिक मौलाना सहेजाद रजाले अध्यापन गराइरहेका छन्। शिक्षकलाई खाना समुदायको प्रत्येक परिवारले पालैपालो खुवाउने गरेको भए तापनि नगदी तलब दिन भने धौधौ हुने गरेको छ। अध्यक्ष मियाको दुखेसो छ "शिक्षा जीवनको आँखा हो। त्यतिकै खेर फाल्नु भएन। त्यसैले सरकारको सहयोगविना मजदूरी गरेको पैसा बचाएरै भए पनि मदरसा चलाएका छौं।" विहान ६ बजेदेखि साढे ९ बजेसम्म पढाइ हुने सो विद्यालयमा अहिले एक सय ४ विद्यार्थी अध्ययनरत् छन्।

सरकारी पाठ्यक्रम अन्तरगतको शिक्षा हासिल गर्न भने उनीहरूले धेरै टाढाको विद्यालय धाउनुपर्ने वाध्यता रहेको छ। आधा घण्टाको बाटो हिँडेर नेपाल राष्ट्रिय प्रस्तावित मावि गाग्रेतालमा अध्ययनरत रञ्जानु खातुन भन्छिन् "धार्मिक शिक्षा मात्र पढेर भएन। सरकारी पाठ्यक्रम अनुसारको पढाइ हाम्रो मदरसामा हुँदैन। त्यसैले यति टाढाको विद्यालय धाउनु परेको छ।" समुदायकै मदरसालाई सरकारबाट अनुमति दिलाए एक हजार भन्दा बढी जनसंख्या रहेको मुश्लिम बस्तीको सपना पूरा हुने रञ्जानुले बताइन्। बस्तीमा रञ्जानु तैवुन, निशा सबैभन्दा बढी पढेका महिला हुन्। उनीहरू ९ कक्षामा अध्ययनरत् छन्। पुरूषतर्फ भने ३ जनाले मात्रै एसएलसी पास गरेका छन्।

कूल जनसंख्याको झण्डै ८० प्रतिशत व्यक्ति निरक्षर रहेको मुश्लिम बस्ती बेलवारीमा सरकारले किन विद्यालय दिन कञ्जुस्याइँ गऱ्यो ? यो विषयलाई छलफलमा ल्याउनुपर्ने जिल्लाका सचेत वर्ग बताउँछन्। महिला शक्ति निकुञ्जका अध्यक्ष शोभा रेग्मीको कथन छ "धार्मिक संसंगै राष्ट्रिय शिक्षा समेत हाँसिल गर्न चाहने नेपालीको लागि सरकारले जतिसक्दो चाँडो त्यसको बन्दोवस्त गरिदिनुपर्दछ। यो पाउनु हरेक नेपालीको लागि संविधानले प्रदान गरेको अधिकार हो"।

विद्यालय खोल्ने अनुमति दिने जिल्ला शिक्षा कार्यालयको चाहिँ आफ्नै दावी छ। निमित्त जिल्ला शिक्षा अधिकारी भोजराज शर्मा भन्छन "जसलाई तिर्खा लाग्छ उसले खोला धाउनुपर्छ। तिनीहरूले स्कुल चाहियो भनेर जति कराएपनि वैधानिक तवरले कहिल्यै पहल गरेनन्"। जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष मदरसा दर्ताको लागि सूचना प्रकाशित गरेपनि तिनीहरूले दरखास्त नदिएको शर्मा बताउँछन्। सरकारले प्राथामिक स्तरको मदरसा दर्ताको लागि समेत ५० हजार रूपैयाँ शुल्क निर्धारण गरेपछि अव त्यो समुदायको लागि विद्यालय खोल्नु भनेको "आकाशको फल आँखा तरी मर" सरह भएको छ। यही शैक्षिक वर्षदेखि लागू हुनेगरी शिक्षा नियमावली २०५९ ले सो व्यवस्था गरेपछि थप समस्या उत्पन्न भएको ठहर शिक्षा अधिकारी शर्माको छ।

सरकार आफनो समुदायको शैक्षिक विकासमा तगारो भएको आरोप बारे शर्मा भन्छन "त्यसो होइन। सरकार त्यो समुदायको माग प्रति सकारात्मक भएरनै त अनुमति नलिइकै सञ्चालन भइरहेको मदरसालाई निर्वाध रूपमा चल्न दिइरहेको छ"। तर, सरकारको संरक्षण र दायीत्वसम्पन्न मदरसा (विद्यालय) खुलेको हेर्न चाहने वेलावारीको मुश्लिम समुदायको सपना कहिले पुरा होला ? यो आशा सवैले गर्नुपर्ने भएको छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# कतै उत्साह, कतै निराशा

रमेशचन्द्र अधिकारी

सार्वजनिक विद्यालयको शैक्षिक सुधारका नाममा सरकारले धनकुटाका चारवटा प्राथमिक विद्यालय व्यवस्थापनलाई यसै वर्षदेखि समुदायलाई हस्तान्तरण गरेको छ। जिल्लाको ग्रामीण भेगमा रहेका ती विद्यालय जिल्ला सदरमुकामबाट कम्तीमा ५ देखि ८ कोशको दुरीमा रहेका छन तथा भौतिक संरचनाका हिसावले पनि विपन्न मानिन्छन।

२ सय ३० वटा प्राथमिक विद्यालय मध्ये शेरमा प्राथमिक विद्यालय फाक्सिब, हाब्रेवा, सीतादेवी प्रस्तावित माध्यमिक विद्यालय खरखोले, फाक्सिब, शारदा निम्न माध्यमिक विद्यालय मुलखर्क मारेक कटहरे र शारदादेवि निम्न माध्यमिक विद्यालय हात्तिखर्कलाई समुदायको जिम्मा लगाइएको छ। पहिलो चरणमा समुदायमा हस्तान्तरण गरिएका यी विद्यालयमा आदीवासी जनजाती लिम्बु तथा राई समुदायका विद्यार्थीको बाहुल्यता छ।

शिक्षा ऐन सातौं संशोधनद्धारा हस्तान्तरण गरिने सरकारी नीतिका बारेमा धनकुटाका शिक्षण पेशासँग सम्बद्ध थोरैले बुझेका छन्। शिक्षण पेशा बाहिरको समुदाय यो सरकारी नीतिको विषयमा अनिभिज्ञ छ जवकी विद्यालयको व्यवस्थापनको जिम्मा त सोही समुदायले लिनुपर्ने भनिएको छ। उता धनकुटाका जिल्ला शिक्षा अधिकारी उद्धव विष्ट यहाँको समुदायले विद्यालय जिम्मा लिन तँछाडमछाड गरेको बताउदै भन्छन्  समुदायले जिम्मा लिएको विद्यालयमा व्यवस्थापन समिति अभिभावक मध्ये बाटै निर्वाचनको प्रक्रियाले छानियो। अभिभावकको उत्साहित उपस्थिति थियो।'

तर ती विद्यालयका शिक्षकहरूको भनाई चाहि भिन्दै छ। शरेमा प्राथमिक विद्यालय फाक्सिब, हाब्रेवाका प्रधानध्यापक अम्बिका प्रसाद पोखेल विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिनेबारे सरकारले कुनै अधिकारीक जानकारी नदिएकोले शुरूमा अल्मलिएका थिए। विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र जिल्लाका स्रोत व्यक्तिको मौखिक जानकारी कै आधारमा विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्नुपर्ने कुरा उनले थाहा पाए। उनको मात्रै होइन, अरू शिक्षकको हालत पनि उस्तै छ।

शारदा निम्न माध्यामिक विद्यालय मुलखर्क कटहरेका शिक्षक रोहित थापा समुदायलाई व्यवस्थापन हस्तान्तरण गर्ने नीतिबारे खासै जानकारी नभएको बताउँछन। सोही समुदायकी कृष्ण माया कटुवाल विद्यालय समुदायको जिम्मामा गएको थाहा भएपनि सञ्चालन प्रक्रियाबारे चाही अनभिज्ञता रहेको बताउँछिन। शारदादेवी निम्न मावि पनि समुदायलाई हस्तान्तरण गरिएको छ। तर यसको सञ्चालनमा अन्यौलता थपिएको छ। सो विद्यालय व्यवस्थापन समितिका ज्ञानबहादुर लुम्बा नीति राम्रो भएपनि व्यवहारिक नभए जस्तो लागेको बताउँछन्।

उता सीतादेवी प्रस्तावित माध्यमिक विद्यालय खरखोलेको चाहि विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा दिएपछि व्यवस्थपनमा सुधार आएको छ। विद्यालयका प्रधानध्यापक कपिलेश्वर चौधरी भन्छन्  विद्यालय व्यवस्थापन विद्यालयलाई हस्तान्तरण गरेपछि शैक्षिक स्थितिमा सुधार भएको छ।' यहाँको समुदायले विद्यालयम शिक्षकले पढाएको नपढाएको, स्कुलमा पढाई नभएको दिनमा किन नभएको भनी चासो लिन थालेको छ। शैक्षिक स्थितिमा सुधार आएको जाँच्ने कपी परीक्षा भएकाले यस विद्यालयमा आएको सुधार नाप्न चाहि परीक्षा नतिजा नै कुर्नुपर्ने कुरा शिक्षकहरू बताउछन्।

धनकुटामा समुदायलाई हस्तान्तरण गरिएका यी सम्पूर्ण विद्यालयको समान टाउँको दुखाई चाहि सरकारी अनुदान नपाउनु बनेको छ। सरकारले दिने भनिएको अनुदान नपाउदा विद्यालयको भौतिक सुधार गर्न नपाएको गुनासो हरेक विद्यालयको व्यवस्थापन समितिले गर्ने गरेको छ। समुदायले पनि थोर बहुत आर्थिक सहयोग गरिरहेको बताउने शारदा निमावि कटहरेको व्यवस्थापन समितिका अध्यक्ष नारद कटुवाल सरकारले समयमै अनुदान उपलब्ध नगराएकाले विद्यालय सञ्चालनमा अफठ्यारो परेको बताउँछन्। यहाँसम्मकी सरकारले दिने भनिएको अनुदान नै पाइने हो कि होइन भन्ने आशंका समेत व्यक्त गर्न थालिएको छ।

एउटा नगरपालिका र ३२ वटा गाविस भएका धनकुटा जिल्लामा एउटा क्याम्पस, चारवटा उच्च मावि, ३१५ वटा निजी/सरकारी विद्यालय छन। यी मध्ये ४ वटा विद्यालयका प्रथामिक तहको व्यवस्थापनको जिम्मेदारी समुदायले लिएपछि ती विद्यालयमा सुधार आउने अपेक्षा सरकारले गरेको छ। तर यस नयाँ सरकारी नीतिका बारेमा समुदायलाई जानकार गराउँदै लानुपर्ने जिम्मेबारी पनि सरकारकै हो। क्षेत्रीय शिक्षा निर्देशनालय धनकुटाका निर्देशक अशोक अर्याल भन्छन्  नयाँ अवधारणा भएकाले सम्पूर्ण समुदायलाई यसबारे जानकारी गराउने उद्देश्यले सरकारले जनचेतना कार्यक्रम गर्ने भएको छ।'

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*